म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३३५ २०८१ कार्तिक २७ गते मंगलबार 12 November 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## भीरबाट लडेर वृद्धको मृत्यु

हेटौंडा: मकवानपुरको राक्सिराङ गाउँपालिकामा भीरबाट लडेर एक वृद्धको मृत्यु भएको छ। राक्सिराङ-८ स्थित रातोडाँडा ८१ वर्षीय सिंहबहादुर ब्लोनको भिरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

ब्लोन सोमबार बिहान साढे ११ बजे घाँस काट्ने क्रममा खुट्टा चिप्लिएर भीरबाट ८० मिटर तल खसेका थिए। भीरबाट खसेका ब्लोन कराइरहेको सुनेपछि स्थानीयले उद्दार गरी उपचारका लागि अस्पताल पठाउने तयारी गर्दागर्दै सोमबार दिउँसो १ बजेर ४० मिनेटमा ज्यान गएको मकवानपुर प्रहरीले जनाएको छ। ब्लोनको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको प्रहरीले जनाएको छ।

## स्थानीय तह उपनिर्वाचन

# हेटौंडा-१२ मा थपिए १ हजार ५८८ मतदाता

समाज संवाददाता

हेटौंडा: आगामी मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनमा हेटौंडा-१२ मा १ हजार ५ सय ८८ मतदाता थपिएका छन्। २०७९ सालको स्थानीय तहको निर्वाचनको तुलनामा १ हजार ५ सय ८८ मतदाता थपिएका हुन्।

निर्वाचन आयोगले आगामी उपनिर्वाचनमा हेटौंडा-१२ को वडा अध्यक्ष पदका लागि ८ हजार ५३ मतदाता कायम गरेको छ। जसमा पुरुष ३ हजार ८ सय ७८, महिला ४ हजार १ सय ७४ र अन्य १ जना मतदाता कायम गरिएको छ। २०७९ सालको स्थानीय तह निर्वाचनमा उक्त वडामा ६ हजार ४ सय ६५ मतदाता कायम गरिएको थियो। आयोगले हेटौंडा-१२ मा आगामी उपनिर्वाचनका लागि २ वटा मतदानस्थल कायम गरेको छ भने ९ वटा मतदान केन्द्र कायम गरिएको छ। उपनिर्वाचनका लागि मकवानपुर जिल्ला अदालतकी न्यायाधीश अवानी मैनाली भट्टराईलाई मुख्य निर्वाचन अधिकृत तोकिएको छ।

निर्वाचनका लागि यही कत्तिक ३० मा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने छ भने मंसिर २ बाट निर्वाचनका कार्यक्रम संचालन गरिने छ। एक जना वडा अध्यक्ष पदका लागि मंसिर १६ मा मतदान हुने निर्वाचन आयोगको कार्यक्रम तालिका रहेको छ।

सो निर्वाचनमा दलहरुले उम्मेदवार तोकेर चुनावी अभियानमा अघि बढेका छन्। निर्वाचनका लागि कांग्रेसले अर्जुन तिवारीलाई टिकट दिएको छ भने एमालेले राजेश नगरकोटी र माओवादी केन्द्रले रविन प्रधानलाई टिकट दिएको छ। राप्रपाले प्रेम लामा भ्लोनलाई टिकट दिँदा एकीकृत समाजवादीले बलराम बललाई उम्मेदवार बनाएको छ। रास्वपाले आशावीर बललाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

## हेटौंडा उपमहानगरपालिका-१२ को उपनिर्वाचन

# पटक-पटक हारेका कांग्रेस र एमाले विरुद्ध माओवादीलाई विरासत जोगाउने चुनौति



समाज संवाददाता

हेटौंडा: मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ मा रिक्त वडा अध्यक्ष पदका लागि आगामी मंसिर १६ मा उपनिर्वाचन हुँदैछ। २०७९ वैशाखमा भएको स्थानीय तहका निर्वाचनबाट वडा अध्यक्षमा विजयी भएका ललितबहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख भएपछि रिक्त सो पदमा उपनिर्वाचन हुन लागेको हो।

वडाध्यक्षको निर्वाचनमा मुख्य तीन ठूला दलसँगै अन्य साना दलहरुले पनि उम्मेदवार उठाउने तयारी गरेका छन्। साना दलहरु राप्रपा नेपाल, एकीकृत समाजवादी, रास्वपा लगायतका दलहरुले उम्मेदवार उठाउने तयारी गरिसकेको छ। राप्रपाले हेटौंडा-१२ को वडा अध्यक्षमा प्रेम लामा भ्लोनलाई उम्मेदवार बनाउने निणय गरिसकेको छ। हेटौंडा-१२ मा साना दलहरुले निर्वाचनमा सहभागित जनाएपनि प्रतिस्पर्धा भने मुख्यत: नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका उम्मेदवारबीच नै हुने देखिन्छ। सोही अनुसार दलहरुले निर्वाचनको तयारी अघि बढाएका छन्।

हेटौंडा-१२ को एमाले, कांग्रेस र माओवादीले वडा अध्यक्षको उम्मेदवार तय गरिसकेका छन्। कांग्रेसले अर्जुन तिवारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ भने एमालेले राजेश नगरकोटी र माओवादीले रविन प्रधानलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। कांग्रेसले गत २ वटा निर्वाचनमा पराजित भएका तिवारीलाई उम्मेदवार बनाउने निर्णय गर्दा एमालेले २०७९ को निर्वाचनमा तेस्रो स्थानमा रहेका नगरकोटीलाई नै दोहोर्‍याएको छ।

माओवादीले भने नयाँ उम्मेदवार खडा गरेको छ। २०७४ को निर्वाचनमा वडा सदस्य पदमा पराजित भएका राजेश प्रधानको भाइ रविन प्रधानलाई टिकट दिएको छ। राजेशको २०८० साउन २४ मा डेंगु संक्रमणका कारण निधन भएको थियो।

संघीयता पछिका २ वटा स्थानीय तह निर्वाचनमा हेटौंडा-१२ मा माओवादी केन्द्रले जितेको थियो। २०७४ र २०७९ मा ललित बहादुर घलानले जित निकालेको हेटौंडा-१२ मा माओवादीलाई आगामी निर्वाचन निकै चुनौतिपूर्ण हुने विश्लेषण गरिएको छ। १२ नम्बर वडामा तामाङ समुदायको बाहुल्यता छ। एकातर्फ सांगठनिक रुपमा कमजोर बन्दै गएको माओवादीलाई विरासत जोगाउनु पर्ने चुनौति कायमै रहेको छ भने अर्को तर्फ नयाँ उम्मेदवारलाई नागरिक माझमा परिचित गर्नुपर्ने बाध्यता रहेको छ। त्यसो त सो वडामा दुवै निर्वाचनमा माओवादी केन्द्र एकल रुपमा निर्वाचनमा भाग लिएको थियो। दुवै निर्वाचनमा माओवादी केन्द्रबाट घलानले झिनो मतले जित निकाल्दै आएका थिए। २०७४ को निर्वाचनमा माओवादीका घलानले १४० मत जितेका थिए भने २०७९ मा ३१ मत अन्तरले जितेका थिए।

यता कांग्रेसबाट २ पटक पराजित भएका तिवारी तेस्रो पटक चुनावी प्रतिस्पर्धा गर्दैछन्। कांग्रेसको अवस्था केही सुधार भएपनि आन्तरिक द्वन्द्वका कारण हेटौंडा-१२ को अध्यक्ष जित्नु निकै कठिन छ। कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँका विश्वासपात्र तिवारीलाई पार्टी भित्रको आन्तरिक द्वन्द्व आगामी निर्वाचनमा महँगो पर्ने देखिन्छ। यता पटक-पटक तेस्रो स्थानमा रहेको एमाले जित निकाल्ने दाउमा रहेको छ। जस अनुसार एमालेले सान्त्वना मत संकलन गर्ने गरी गत निर्वाचनमा पराजित भएका नगरकोटीलाई नै उम्मेदवार बनाएको छ।

### विगतमा झिनो मतान्तर

हेटौंडा-१२ मा विगतको चुनावी मत परिणाममा मुख्य ३ दल बीचको मतान्तर अत्यन्त कम रहेको छ। २०७९ को चुनावमा हेटौंडा-१२ माओवादी केन्द्रका घलानले जित निकाल्दा कांग्रेस र एमालेसँग अत्यन्त झिनो मतान्तर निकालेका थिए। गत निर्वाचनमा तीन दलका उम्मेदवार बीचको मतान्तरमा खासै फरक छैन। विजयी भएका माओवादीका घलान र दोस्रो भएका कांग्रेसका तिवारी बीच ३१ मतको मात्र फरक थियो। यस्तै विजयी घलान र तेस्रो भएका एमालेका नगर कोटी बीच ४६ मतको अन्तर थियो।

सो निर्वाचनमा घलानले १ हजार ३७१ मत पाएर विजयी भएका थिए भने उनका प्रतिस्पर्धी कांग्रेसका तिवारीले १ हजार ३४० मत पाएका थिए। एमालेका नगरकोटीले १ हजार ३२५ मत पाएका थिए। राप्रपाका सरन सिं थिङले १८३ मत पाएका थिए। २०७४ मा माओवादी केन्द्रका घलानले १ हजार १ सय ३ मतसहित जित निकाल्दा कांग्रेससँग ११० मत र एमालेसँग १३४ मत अन्तर रहेको थियो। सो निर्वाचनमा कांग्रेसका तिवारीले ९९६ मत पाएका थिए भने एमालेका रामचन्द्र स्याङ्वोले ९६९ मत पाएका थिए। सो निर्वाचनमा एमाले र कांग्रेस बीच २७ मतको अन्तर रहेको थियो। उक्त निर्वाचनमा राप्रपाका चन्द्र बहादुर गोलेले ३०५ मत पाएका थिए।

# मन्त्री व्यवस्थापन गर्न मन्त्रालय फुटाउँदै बागमती सरकार

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सरकारले मन्त्री व्यवस्थापन गर्न मन्त्रालय विभाजनको तयारी गरेको छ। मुख्यमन्त्री बहादुर सिंह लामाले सरकारलाई पूर्णता दिँदै गत साउन १२ मा प्रदेशको १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त गर्नुभएको थियो। सत्ता समीकरण परिवर्तनपछि मुख्यमन्त्री लामाले एक बिना विभागीय मन्त्री राख्दै सरकारलाई पूर्णता दिनुभएको थियो।

साउन १२ मा कांग्रेसका एक मन्त्रीलाई बिना विभागीय राखेर सरकारलाई पूर्णता दिएका मुख्यमन्त्री लामाले सरकारको नेतृत्व लिएको ११० दिनपछि मन्त्रालय फुटाउने तयारी गरेका हुन्। दलगत भागवण्डा मिलाउन मुख्यमन्त्री लामाले मन्त्रालय विभाजनको तयारी गर्नुभएको हो। साउन १५ मा विश्वासको मत लिएर सरकार सुरक्षित गर्नु भएका मुख्यमन्त्री लामाका लागि मन्त्री व्यवस्थापन निकै चुनौतिपूर्ण बन्दै गएपछि मन्त्रालय फुटाउने तयारी गर्नुभएको हो। मुख्यमन्त्री लामाले पहिलो पटक सरकारको नेतृत्व लिने क्रममा साउन ९ मा कांग्रेसबाट कुन्दनराज काफ्ले, श्याम खड्का र मदुकुमार श्रेष्ठलाई मन्त्री बनाउनुभएको थियो भने एमालेबाट प्रकाश श्रेष्ठ, अमन कुमार मास्के, प्रेमभक्त महर्जन, किरण थापा मगर, शुकमाया तामाङ र कृष्णप्रसाद शिलवाललाई मन्त्री नियुक्त गर्नुभएको थियो।

मुख्यमन्त्री लामाले आन्तरिक विवादका कारण सत्ता गठबन्धनमा भाग परेको ७ मन्त्रालयमा कांग्रेसका ८ मन्त्री नियुक्त गर्नुभएको थियो। पटक-पटकको विवादपछि मुख्यमन्त्री लामाले साउन १२ मा प्रदेश सरकारमा कांग्रेसबाट थप ४ मन्त्री नियुक्त गर्नुभएको थियो। उहाँले हरिप्रभा खड्गी, विमल ठकुरी, सुरजचन्द्र लामिछाने र मीनकृष्ण महर्जनलाई मन्त्री बनाउनुभएको थियो। मुख्यमन्त्री लामाले मदुकुमार श्रेष्ठ बाहेक अन्य सबैको जिम्मेवारी तोक्नुभयो। जस अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा लामिछाने, आर्थिक मामिला तथा योजना मन्त्रालयमा काफ्ले, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयमा ठकुरी, सामाजिक विकास मन्त्रालयमा खड्गी, युवा तथा खेलकुद मन्त्रालयमा महर्जन, खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयमा खड्काको जिम्मेवारी तोक्नुभएको थियो।

यता एमालेका कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा श्रेष्ठ, भौतिक पूर्वाधार विकास मन्त्रालयमा मास्के, वन तथा वातावरण मन्त्रालयमा शिलवाल, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयमा तामाङ र श्रम रोजगार तथा यातायात मन्त्रालयमा महर्जनलाई जिम्मेवारी दिइएको थियो।

पार्टी भित्रको आन्तरिक विवाद मिलाउन मुख्यमन्त्री लामालाई विगतदेखि नै बिना विभागीय मन्त्री श्रेष्ठको जिम्मेवारी तोक्न दवाव रहेको थियो। जसका कारण मुख्यमन्त्री लामाले आन्तरिक तयारी गरेपनि साझेदार दल सहमत नहुँदा हुन सकेको थिएन। पछिल्लो समय सत्ता साझेदार दल समेत मन्त्रालयको संख्या बढाउन सहमत देखिएपछि मुख्यमन्त्री लामाले बिना विभागीय मन्त्रीको जिम्मेवारी तोक्न मन्त्रालयको संख्या बढाउने कसरत गर्नुभएको हो।

मुख्यमन्त्री लामाले मन्त्रालयको संख्या १३ बाट बढाएर १४ पुऱ्याउने गरी तयारी अघि बढाउनुभएको छ। सेही अनुसार मुख्यमन्त्री लामाले संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय विभाजन गर्ने तयारी अघि बढाउनुभएको हो। मुख्यमन्त्री लामाको सचिवालयका अनुसार संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयबाट सहकारी र गरिबी निवारण मन्त्रालय बनाउने गरी मुख्यमन्त्री लामाको सचिवालय सक्रिय भएको छ। उक्त कार्यका लागि मुख्यमन्त्री लामाले प्रदेशका प्रमुख सचिव डा. हरि प्रसाद लम्सालालाई आवश्यक तयारीका लागि निर्देशन दिनुभएको छ।

"स्थानीय विकास तथा सहकारी मन्त्रालय बनाउने योजना थियो। तर संघीय कानुनले नै नमिल्ने भएपछि स्थानीय विकासको योजना अघि बढ्न सकेन। प्रशासन विभाजनको तयारी गरिएपनि अनुकुल नहुने भएपछि गरिबी निवारणलाई ल्याउने तयारी भएको हो", मुख्यमन्त्री कार्यालयका एक कर्मचारीले भने। मुख्यमन्त्री लामाले उद्योग पर्यटन भूमि तथा प्रशासन मन्त्रालयबाट भूमि विभाजन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा गाभ्ने समेत तयारी गर्नुभएको छ।

## मगरको शव बरामद

समाज संवाददाता

हेटौंडा: नुवाकोट जिल्लाको लिखु गाउँपालिका-३ स्थित गणेश गौडा भिरमा एक जना वृद्धको शव फेला परेको छ। कट्टी छाँप बस्ने ७१ वर्षीय हर्क बहादुर पुलामी मगरको शव आइतवार फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

मगर गत सोमबारदेखि हराइरहेका थिए। वेपत्ता मगरको खोजी गर्दै जाँदा आइतवार गणेश गौडा भिरमा सडेर गलेको अवस्थामा शव फेला परेको प्रहरीले जानकारी दिएको छ। अनुसन्धानको क्रममा मगरको मानसिक अवस्था ठिक नभएको बुझिएको छ। मृतकको पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली लगिएको छ।

## मगरको शव बरामद

समाज संवाददाता

हेटौंडा: हेटौंडा-११, थानाभञ्याङमा कुलोमा डुबेर एक बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा ५ वर्षीय बिहान थोकर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। आइतवार दिउँसो १ बजेर ३० मिनेटको समयमा घर नजिकै रहेको पानीको कुलोमा डुबेर का बालकलाई उपचारका लागि हेटौंडा अस्पताल पुऱ्याएको थियो। उपचारको क्रममा दिउँसो २ बजेर १५ मिनेटको समयमा डाक्टरले बालकलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

## बोम्जनमाथि आक्रमणको घटनाप्रति भर्त्सना

समाज संवाददाता

हेटौंडा: मकवानपुरको बकैया गाउँपालिका-३, हात्तिसुँडेस्थित बुद्ध माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रेम बहादुर बोम्जन र उहाँका भाइमाथि आइतबार भएको आक्रमणको घटनाप्रति नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला कार्यसमिति मकवानपुरले भर्त्सना गरेको छ।

शिक्षक संगठन जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष श्रीराम दाहाल र सचिव मुकुन्द न्यौपानेको संयुक्त हस्ताक्षरमा सोमबार विज्ञप्ति जारी गर्दै घटनाको भर्त्सना गर्नुका साथै दोषीलाई कारवाहीको माग गरिएको छ। यस्तै सोमबार नै नेपाल राष्ट्रिय शिक्षक संगठन बकैया गाउँपालिका कमिटी र बुद्ध माविले पनि घटनाको भर्त्सना गरेको छ।

प्रधानाध्यापक बोम्जन र उहाँका भाइमाथि आक्रमणको घटनाले दुखी तुल्याएको उल्लेख गर्दै दोषीलाई पक्राउ गरी कडाभन्दा कडा कारवाही गर्न सम्बन्धित निकायसँग संगठनले माग गरेको छ। आइतबार दिउँसो २ बजेर ३० मिनेटको समयमा सर्लाहीबाट सिन्धुलीतर्फ जाँदै गर्दा सिन्धुली-सर्लाही-कमैया सडकखण्डअन्तर्गत तपोवन जंगलमा प्रधानाध्यापक बोम्जन र उहाँका भाइमाथि आक्रमण भएको थियो।

तीन जनाको समूहमा आएका अज्ञात समूहले प्रहार गरेको गोली लागेर बोम्जन घाइते हुनुभएको छ। अज्ञात समूहले प्रहार गरेको गोली हेल्मेट छेडेर बोम्जनको गालामा चोट लागेको छ। बोम्जनको सर्लाहीमै प्राथमिक उपचारपछि थप उपचारका लागि वीरगन्ज लगिएको थियो। आइतवार राती नै बोम्जनलाई थप उपचारका लागि काठमाडौं लगिएको छ। सोमबार शल्यक्रिया गरेर गोली निकालिएको छ भने बोम्जनको स्वास्थ्य अवस्था खतरामुक्त रहेको बताइएको छ।




## सम्पादकीय

# सर्वदलीयको ध्यानाकर्षण

बागमती प्रदेशमा क्रियाशील दलहरुको बैठकले विगतका निर्णय कार्यान्वयनको अवस्था बारे सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ । आइतबार कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारको संयोजकत्वमा बसेको बैठकले गत असोज ६ र १४ मा बसेको सर्वदलीय बैठकको निर्णय कार्यान्वयनको अवस्था बारे सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको हो । बैठकले गत असोज ६ मा भएको बजेट कार्यक्रममा छुट आयोजना समावेश गर्ने तथा असोज १४ मा विपद् प्रभावित नागरिकको राहत सम्बन्धमा निर्णय गरेको थियो । उक्त निर्णय कार्यान्वयनको अवस्था बारे आइतबारको बैठकले सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ । आइतबारको बैठकले बजेटमा थप हुने कार्यक्रमको बारेमा अध्ययन गर्ने निर्णय गरेको छ । विगतमा भएका सहमति अनुसार चालु आर्थिक वर्षको बजेटमा थप हुने रकम माग गरी अध्ययन गर्ने निर्णय गरेको छ ।

ध्यानाकर्षण गराउने र सरकार चलाउने एउटै दलका नेता, कार्यकर्ता छन् । झ हेर्दा सत्ताभित्र र बाहिर दुबैतर्फ उपस्थित भएको काम गर्दै गरेको र कामको प्रभावकारिताका लागि झकझक्याउने असल अभ्यास जस्तो देखिन्छ । तर, प्रभावकारी नतिजा निकाल्ने गरी गर्नुपर्ने काम भने हुन सकेको छैन । सर्वदलीय बैठकले गत असोज ६ गते बसेको सर्वदलीय बैठकको निर्णय अनुसार असन्तुलित बजेट परिमार्जन गर्ने रकम विवरण माग गरी अध्ययन गर्ने निर्णय गरेको छ । सहमति र निर्णयहरु कार्यान्वयन नहुने अवस्थाको अन्त्यका लागि रकम विवरण माग गरेर आवश्यक अध्ययन गर्ने सर्वदलीय बैठकको निर्णय छ । सत्तारुढ दलकै नेताहरुको सहभागितामा सर्वदलीय बैठक बसेर सरकारमाथि नै प्रश्न गर्ने, सचेत गराउने तर, सचेत भएर कामको प्रयास नहुनु विरोधाभाषपूर्ण अवस्थालाई जनाउँछ ।

सुशासन र जवाफदेहिताका हिसाबले मुलुक असाध्यै कमजोर स्थितिमा पुगेका बेला नाटकीय शैलीमा सरकारलाई ध्यानाकर्षण गराउने काम आम नागरिकलाई झुक्याउने प्रपञ्च मात्रै हो । सरकारमा रहेका दलले आन्तरिकरुपमा नै सुधारका प्रयास गर्नुपर्ने, गुनासा नै नआउने गरी काम गर्ने प्रयास गर्ने, गुनासा आए पनि त्यसको उचित व्यवस्थापन गर्दै अगाडि बढ्नुपर्ने आवश्यकताविपरित सर्वदलीय समूहमा छलफल गरेर सरकारलाई ध्यानाकर्षण गराउनु भ्रष्टाचार र बेथितिलाई बढावा दिने प्रयास हो । सर्वदलीयको नाटक गर्नुभन्दा आम नागरिकसँग संवाद गरेर उपयुक्त योजना निर्माण, कार्यान्वयन, समीक्षा गर्नु उपयुक्त हुनेछ ।

आम नागरिकका कुरा नसुन्ने, नेताका कार्यकर्तालाई मात्रै लाभको अवसर प्रदान गर्ने प्रवृत्ति अझ वृहत बन्दै गएको छ । अझ ढाकछोपका लागि बहानावाजी गरे जस्तो सरकारको ध्यानाकर्षण गराउनु सत्तारुढ दलकै लागि प्रत्युत्पादक हुने निश्चित छ । संघ, प्रदेश र स्थानीय तीनै तहमा सरकारहरुको प्रवृत्तिले आम नागरिकले प्राप्त गर्ने वृहत अवसरहरु खुम्चिँदै गएको छ । ध्यानाकर्षणको नाटक खुलारुपमा गर्नुभन्दा सघनरुपमा जनताले महसुस गर्ने गरी विकास, निर्माणको काममा सरकारहरु जिम्मेवार हुन तिनका नेता, कार्यकर्ताले इमानदार प्रयास गर्नु जरुरी छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आफन्तहरुबाट भने जस्तो सहयोग नपाइला ।
**वृष** : पद र सम्मानित पद हात पर्ने समय योग छ ।
**मिथुन** : परिस्थितिलाई जितेर अगाडि बढ्ने प्रयास गर्दा राम्रो ।
**कर्कट** : अध्ययन र लेखनमा खासै रुची नहुने देखिन्छ ।
**सिंह** : थप जिम्मेवारी बहन गर्नुपर्ने समय योग छ ।
**कन्या** : कला र सिर्जनाका क्षेत्रमा मन जाने समय छ ।
**तुला** : स्थिर आम्दानीको लागि संघर्ष गर्नुपर्ने समय छ ।
**वृश्चिक** : आफन्तको काममा सरिक भइने समय योग छ ।
**धनु** : छलफलमा सरिक भइने समय योग रहेको छ ।
**मकर** : कडा परिश्रम र मेहनतको आवश्यकता देखिन्छ ।
**कुम्भ** : लेनदेनमा सर्तकता अपनाउँदा राम्रो रहने छ ।
**मीन** : पेशा र कार्यक्षेत्रबाट लाभ प्राप्त हुने समय छ ।

# के नेपालमा कम्युनिष्ट छैनन् ?

**नेतृत्व तहमा गलत मानिस पुगेपछि त्यसको असर भूँई खुट्टासम्म पुग्छ । नक्कलीहरुको बिगबिगी बढ्न थालेकोले सही कम्यूनिष्टहरु ओझेलमा परेका छन् । नेपालमा कम्यूनिष्ट नभएका चाँहि होइनन् । नेपालमा कम्यूनिष्ट थिए, छन् र रहने छन् । सही कम्युनिष्ट पहिचान गर्न सही चेतना, इमान्दारिता र सक्रियता चाहिन्छ ।**



ऋषिराम पोखरेल, "बकिमहे"



"फलानो गिरीबन्धु । चिलानो ललिता निवास । ढिस्कानो सुनकाण्ड । देशवासीलाई विदेशी शरणार्थी बनाएर पैसा उग्राउने अर्को छ । पानी ट्याङ्की, वाईड बडी, यती, ओम्नी, चेज, बतास, जलहरी, महाकालीदेखि मिन महलसम्म कति छन् कति । यहाँ चोखो कोही छैन । सबै भ्रष्ट, नक्कली, राष्ट्रघाती । नेपालमा कम्यूनिष्ट कोही छैन ।"

हिमाल होस कि पहाड । तराई होस कि मधेश । के गाउ ? के शहर ? के काँठ । चोक, चौतारो चिया पसल । अटोभित्र, सुमोभित्र, बसभित्र, जहाँ पुगे पनि के विद्वत वर्ग ? के आमजनता ? के कार्यकर्ता ? एकबाट दुई हुनासाथ सबैले यस्तै यही चर्चा गरेको सुनिन्छ । सबैले एउटै निष्कर्ष झिक्छन्, "सबै चोर हुन । यहाँ कम्यूनिष्ट कोही छैन" ।

के हो त ? नेपालमा कम्यूनिष्ट साँच्चै छैनन् त ? प्रश्न सुन्दा धेरै मानिसलाई अचम्म लाग्छ । किनकि यहाँ अरुका भन्दा कम्यूनिष्टहरुकै धेरै पार्टी छन् । गतिविधि पनि कम्यूनिष्टहरुकै बढि देखिन्छ । कम्यूनिष्टहरुले पाएका सबै मत जोड्दा दुई तिहाइ नाघ्छ । जस्तो सुकै घाम पानी, हुरीबतासमा होस् वा जतिसुकै लामो लाइनमा होस् कष्टका साथ उभिएर दुई तिहाइ भन्दा बढी नेपाली मतदाताले कुनै न कुनै पुच्छरधारी कम्यूनिष्ट पार्टीलाइ नै भोट दिंदै आएका छन् । कम्यूनिष्ट पार्टीले निकालेका जनभेला होस वा जन प्रदर्शनमा होस उर्लिने गरेको जनताको भिड पनि सानोतिनो हुन्न । सरकारमा कम्यूनिष्ट । सडकमा कम्यूनिष्ट । प्रमुख विपक्षी पनि कम्यूनिष्ट । जंगलमा कम्यूनिष्ट । हरेक राजनीतिक परिवर्तनको मुख्य भुमिकामा कम्यूनिष्ट । कम्यूनिष्टको साथबिना कसैले पनि सरकार चलाउन सक्ने अवस्था छैन । विदेशीहरुलाई आफ्ना हस्तक्षेपकारी अजेण्डा पास गराउन पनि विदेशीहरुलाई कम्यूनिष्टकै सहयोग चाहिने अवस्था । तैपनि आम जनताले नेपालमा कम्यूनिष्ट छैनन् भनेको सुन्दा विदेशीहरु त झन तीनछक पर्छन् । किनकि पद र पैसा वा व्यक्तिगत लाभ हानीलाई हेरेर आफ्ना राजतीतिक विचार र सिद्धान्त बदल्ने मानिस उनीहरुले देखेका छैनन् । पार्टीका रसिदधारी सदस्यहरु नै कम्यूनिष्ट हुन् भन्ने उनीहरुलाई लाग्छ । त्यसैले उनीहरु सदस्यतालाई हेर्छन् र पार्टिको आव्हानमा उर्लेको भिड हेर्छन । किनकि उनीहरुको देशमा कम्युनिष्ट पार्टीको सदस्यताले मानिसको आस्था, विश्वास तथा प्रतिबद्धता देखाउँछ ।

संसारका जुनसुकै देशमा धेर-थोर संख्यामा कम्यूनिष्टहरु छन् । उनीहरु कतै भूमिगत रुपले कृयाशिल छन् भने कतै खुला रुपले । उनीहरुको रगत-पसिनाको मुल्यमा बनेका पार्टीहरु पनि छन् । कतै कम्यूनिष्ट पार्टी छन् भने कतै कम्यूनिष्टहरुको अर्कै नामको पार्टी छ । धेरै देशमा कम्यूनिष्ट पार्टीको सदस्य हुनलाई सजिलो छैन । त्यहाँ लामो समयसम्म परीक्षणमा बस्नु पर्छ । मानिसको सामाजिक छवि र वर्ग पक्षधरता हेरिन्छ । जसलाई भेट्यो त्यसैलाई सदस्यता दिइँदैन । सदस्य हुनलाई कम्यूनिष्टमा हुनुपर्ने निम्नतम आचरण र गुण चाहिन्छ । त्यहाँ नेपालमा जस्तो कम्यूनिष्ट पार्टीको सदस्यता किलोको भाउमा बेच्न राखेको हुँदैन । रगत पसिनाको मूल्य तिरेर माग्नु पर्छ । नेपालमा पनि पहिला त्यस्तै थियो । सदस्यता पाउन ठूलो जोखिम मोल्नु पर्थ्यो । त्यसैले थोरै मानिसले मात्र कम्यूनिष्ट पार्टीको सदस्यता लिने आँट गर्थे । जसले सदस्यता लिन्थे ती साँच्चै कम्यूनिष्ट थिए । उनीहरुको व्यवहार, आचरण र बलिदानी भावनाले जनताको मन जितेको थियो । जनताले कम्यूनिष्ट शब्दलाई त्याग, समर्पण र बलिदानको पर्यायवाची मान्दै आएका पनि थिए । तर अहिले लोकतान्त्रिक खुला समाजमा कम्यूनिष्ट पार्टीका नेता तथा कार्यकर्ताहरु आचरण, विचार र व्यवहारले अरु पार्टीका नेता कार्यकर्ता भन्दा फरक देखिँदैनन् । उनीहरु बिग्रिनुसम्म बिग्रेका छन् । त्यसैले निराश भएर जनताले भन्न थालेका छन् । "नेपालमा अब कम्यूनिष्ट छैनन् ।"

नेपाल एउटा गरिब जनताको देश हो । त्यसैले यहाँको सामाजिक मनोभाव कम्युनिष्टमैत्री छ । किनकि जनताकै काखबाट उठेको शोषक, सामन्त विरोधी, वर्ग सङ्घर्षबाट कम्युनिष्टको जन्म र विकास भएको हो । कम्युनिष्टहरुले विपन्न वर्ग र उत्पिडित जनसमुदायको हक अधिकारको पक्षमा गरेको बलिदानी सङ्घर्षले जनताको मन राम्रोसँग छोएको छ । त्यसैले सेल्टरदाता जनसमुदायलाई कम्युनिष्टहरुबाट ठुलो अपेक्षा हुनु स्वभाविक हो । अर्को कुरा छिमेकी राष्ट्र चीनलाई कम्युनिष्टहरुले विकासको गतिमा कहाँबाट कहाँ पुर्‍याए त्यसको लेखाजोखा नेपाली जनताले राखिरहेकै छन् । जसले गर्दा विपन्न नेपाली जनतालाई कम्युनिष्टमैत्री बनाएको छ । यहाँ कम्युनिष्ट नामका धेरै पार्टीहरु खुल्नुका कारण पनि यही हो । दुःखको कुरा के छ भने यहाँ कुनै पनि कम्युनिष्ट पार्टी लोकतान्त्रिक ढंगले चलेको देखिँदैन । कार्यकर्ताले स्वतन्त्र ढंगले बिचार सिद्धान्तलाई छानेर भन्दा हरेक पार्टीमा गुटबन्दी मार्फत् नेतृत्व निर्माण गर्ने चलन व्याप्त छ । त्यसैले इनेगिनेका केही नेतागणको लहड र सनकलाई मात्रै सिद्धान्त विधि र पद्धति मानिन्छ । कार्यकर्ताको काम तालि पिट्ने मात्रै हुन्छ । कसैले तर्क झिकेर लेनिनको जनवादी केन्द्रीयता खोज्यो भने त्यो भीम रावल बनिहाल्छ । तर्कको जवाफ तर्क हुन्छ । बल प्रयोग गर्ने पञ्चायत त हामीले धेरै पहिला मिल्काएका हौ । त्यसैले जनता भन्छन् । 'अहिलेका कम्युनिष्टहरु खोलधारी हुन् । पहिलेका जस्ता होइनन् ।'

हरेक पार्टीसँग यसका सदस्यले गर्नैपर्ने केही र गर्नै नहुने केही कामको सूची हुन्छ । त्यसलाई पार्टीको मुल्य मान्यता भनिन्छ । त्यही मुल्य मान्यताले एउटा पार्टीलाई अर्को पार्टी भन्दा फरक देखाउँछ । त्यही कामले एउटा पार्टीको कार्यकर्तालाई अर्को पार्टीको कार्यकर्ता भन्दा भिन्न देखाउँछ । कुनै बेला जनै लगाउने मानिसले जाँड खाँदैन थे र जाँड खाने मानिसले जनै पनि लगाउँदैनथे । अहिलेका कम्यूनिष्टहरु त्यो मानिस जस्ता भए । जसले जाँड पनि खान्छ र जनै पनि लगाउँछ । कम्यूनिष्ट पार्टीको सदस्यता मानिसको जात जस्तै भयो । जे गरे पनि नजाने । आफूलाई द्वन्द्वात्मक भौतिकवादी ठान्ने कम्यूनिष्ट नेताहरु घन्टौसम्म पुजा कोठामा घण्टी बजाएर बसिरहेका हुन्छन् । ज्ञान आशीर्वादका लागि भनेर दारी बाबा र सारी महतारीका पाउ पुज्न विभिन्न मठमन्दिर तिर धाउँछन् । आमा सरहका गरिब महिलालाई बोक्सी भन्दै मरणासन्न हुनेगरी पिट्ने र मुखमा अभक्ष आची पदार्थ हालिदिने हात पनि कम्यूनिष्ट नेताकै भएको समाचारले खबर कागजका पाना नभरिएको दिनै हुन्न । भ्रष्टाचारका राष्ट्रिय कथा कहानी पढ्दै जाने हो भने कम्यूनिष्ट नेता तथा कार्यकर्ता नमुछिएको कुनै पाना हुन्न । ६ महिना पनि नटिक्ने पिच, तीन महिनामै भत्किने पुल, वर्ष दिन भन्दा बढि नटिक्ने भवनमा खोज्दै जाने हो भने पनि सकेसम्म नायक नभए सहनायकमा पनि कम्यूनिष्ट नेता या कार्यकर्ता नै भेटिन्छन् । सानादेखि ठुलासम्म बिग्रेका सार्वजनिक शैक्षिक वा अन्य संस्थाहरुमा खोज्दै जाने हो भने कम्युनिष्ट नभेटिए खुशी हुनुपर्ने दिन आइसकेको छैन । सहकारी घोटला र मानव तस्करीमा त मन्त्री नै भेटिन्छ । भ्रष्ट भाउजुहरुसँग रगतको साहिनो नरहेका कम्यूनिष्ट नेता भेट्टाउन दुर्लभ भएको छ । "बुढी लागी रमितैमा स्यालले कुखुरा बोक्यो" भने जस्तै यता सोझा साझा कार्यकर्ता मार्क्सको दर्शन, लेनिनको सिद्धान्त, माओका ध्यान दिनुपर्ने आठ कुरा रटेर बसेका हुन्छन् उता नेताहरु कताबाट पैसा आउँछ भनेर हेरिरहेका हुन्छन् । तर कसैको सदस्यता गएको समाचार आएका छैनन् । यहाँ कम्यूनिष्ट हुनलाई कुनै बिचार, सिद्धान्त, संस्कृति र ब्यवहार चाहिँदैन । कागजको एउटा चिर्कटोले मानिसलाई कम्यूनिष्ट बनाइदिन्छ । एक जना मानिसले ठट्यौली पारामा भनेका थिए "कम्यूनिष्टहरु बाहुन जस्तै भए । जे गर्दा पनि जात नजाने ।"

कतिपय मानिसले गैरशोषक, स्वाभिमानी, श्रमजीवी मानिसलाई कम्यूनिष्ट भन्ने गर्छन् । तर आफू मात्रै गैरशोषक र श्रमजीवी भएर पुग्दैन । मार्क्सवादी शास्त्रका अनुसार कम्यूनिष्ट एउटा राजनीतिकर्मी पनि हो । जसले संगठित भएर श्रमजीवी वर्ग र उत्पीडित समुदायको पक्षमा राजनीति गर्छ । मजदुर, किसान, श्रमिक, शिल्पीहरु मात्रै होइन नाफा अनुसारको कानून सम्मत कर महशुल राज्यलाई तिरेर देशवासीलाई रोजगारी दिने उद्योगपति ब्यापारीहरु समेतका पक्षधर र सबै खाले दमन र उत्पीडन विरोधी राजनीतिकर्मीलाई प्रचलित शास्त्रले कम्यूनिष्ट भन्छ । तर बिचार र सिद्धान्तसँग समतुल्य आचरण, व्यवहार, इमान, अडानको कसिमा हेर्दा जनताले कम्यूनिष्ट भन्न मिल्ने स्वनामधन्य धेरैलाई देख्दैन । गरीब नेपाली जनताको पेटमा लात हानेर कर महसुल मारालाई काखी चेप्ने मानिस पनि कतै कम्यूनिष्ट हुन्छ ? त्यसैले उनीहरु नेपालमा कम्यूनिष्ट कोहि छैन भन्ने निष्कर्षमा पुगेका हुनुपर्छ । उत्पादनको साधनलाई सामुहिक स्वामित्वमा हस्तान्तरण गर्दै समतामुलक तथा वर्गविहीन समाजको निर्माण गर्ने अभियानमा हिँडेका मानिसले ब्यक्तिगत सम्पत्तिको लोभ गर्दैन । यदि कसैले गर्छ भने त्यो कम्यूनिष्ट होइन भन्ने जनताको बुझाई छ । आचरणमा भ्रष्ट, ब्यवहारमा अवसरवादी र विचार वा सिद्धान्तहीन मानिसले सदस्यता लिए पनि त्यो नौटंकी हो भन्ने धेरै जनताले बुझिसकेका छन् ।

स्थापना काल देखि नै नेपाल कम्यूनिष्ट पार्टीले देशको राष्ट्रियताको रक्षा तथा जनतन्त्र र जनजीविकाको सुनिश्चितताको लागि अनवरत संघर्ष गर्दै आएको छ । मुलुकको लोकतान्त्रिकरण र सबै जनसमुदायको मूल प्रवाहीकरणका लागि भएको संघर्षमा धेरै कम्यूनिष्टको रगत बगेको छ । त्यस्तै कठोर जेल जीवन भोग्नेमा पनि कम्यूनिष्टहरु कै संख्या बढी छ । किसान र मजदुरले वर्गहितका लागि विद्यार्थी, शिक्षक र सुकुम्बासीले अधिकारका लागि, महिला, दलित जनजाती र आदिवासीले समानताको लागि चलाएको सबै आन्दोलनमा कम्यूनिष्टहरु नै अग्र मोर्चामा रहेका छन् । पछिल्लो चरणमा कम्यूनिष्टहरुले पकड क्षेत्रमा जनअदालत र जनसरकारको नमुना देखाउन पनि भ्याएका थिए । यसले निरीह जनतालाई ठूलो राहत दिएको थियो । साहुको हातबाट उनिहरुले आफ्ना जग्गा फिर्ता पाएका थिए । उनीहरुको जाली कागजलाई च्यातेर कम्यूनिष्टहरुले अटेर गरी बसेका मिटर ब्याजीहरुलाई सूँगुरको खोरभित्र थुनेका थिए । मादक पदार्थ सेवन गरेर गाउँमा अशान्ति मच्चाई हिँड्ने बदमासहरुले भाटाका निलडाम भेटेका थिए । महिलाहरुले जँड्याहा पतिबाट कुटाई खानु पर्ने अवस्था समाप्त भएको थियो । तास चपाएर निल्नुपरेको कष्टकर सजाय भोगेका जुवाडेहरुले अहिले पनि सम्झिरहेका छन् । सार्वजनिक सम्पति हिनामिना गर्ने स्वार्थी लुटेरा तत्वहरुको रुवाबासी भएको थियो । भ्रष्टकर्मचारी तथा जनप्रतिनिधिहरु जनकार्वाहीमा परेका थिए । न्यायका लागि कम्यूनिष्टहरुनै चाहिने रहेछ भन्ने विश्वासको बिउ जनताका मनभित्र उम्रिन थालेको थियो । यी सबै कामले गर्दा जनतामा कम्यूनिष्टहरु प्रति सकारात्मक धारणा बनेको थियो । तर अहिले पार्टीको रसीद टल्काउँदै आउने कम्यूनिष्टहरुको गतिविधि सिद्धान्त अनुकुल नदेखिएको कारण जनताले निरास भएर भन्न थालेका हुन् ("अब नेपालमा कम्यूनिष्ट छैन । "हूँ" भन्दै आउने सबै रामनामी हुन ।"

हरेक राजनीतिक दलभित्र सबै खाले मानिस हुन्छन् । मौका नपाएर असल बनेका खराब मनका मानिस पनि त्यहाँ हुन्छन् । साँच्चै नै असल मानिस पनि त्यहाँ हुन्छन् । कम्यूनिष्ट पार्टी भित्र पनि असल खराब दुवै खाले मान्छे छन् । नक्कली नोटहरु बजारमा निस्कन थालेपछि सक्कली नोटहरु हराउँन थाल्छन् भन्ने अर्थशास्त्रको नियम छ । नेतृत्व तहमा गलत मानिस पुगेपछि त्यसको असर भूँई खुट्टासम्म पुग्छ । नक्कलीहरुको बिगबिगी बढ्न थालेकोले सही कम्यूनिष्टहरु ओझेलमा परेका छन् । नेपालमा कम्यूनिष्ट नभएका चाँहि होइनन् । नेपालमा कम्यूनिष्ट थिए, छन् र रहने छन् । सही कम्युनिष्ट पहिचान गर्न सही चेतना, इमान्दारिता र सक्रियता चाहिन्छ । तर दुःखको कुरा के छ भने चेतनशील मानिस इमान्दार छैन, इमान्दार मानिस सक्रिय छैन त्यसैले नक्कली कम्युनिष्टहरुले जनतामा बिगारेको धारणाले सक्कलीहरु पनि सिकार भएका हुन् ।

# १९ करोड लागतमा निजगढमा आँखा अस्पताल तयार



निजगढमा तयार भएको आँखा अस्पताल

समाज संवाददाता

हेटौँडाः मधेश प्रदेशको बारा जिल्लाको निजगढ नगरपालिका-१२ मा आँखा अस्पताल तयार भएको छ । नगरपालिकाले उपलब्ध गराएको १० कट्ठा जमिनमा १९ करोड लागतमा २ वर्षको अवधिमा अस्पताल तयार भएको हेटौँडा सामुदायिक आँखा अस्पतालका प्रबन्धक सुधीर श्रेष्ठले जानकारी दिनुभएको छ । भोलि बुधबार मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंहले आँखा अस्पतालको उद्घाटन गर्नुहुनेछ। अस्पताल उद्घाटन कार्यक्रममा विख्यात नेत्र विशेषज्ञ डा. सन्दुक रुइतको पनि सहभागिता रहनेछ ।

डा. रुइत नेतृत्वको तिलगंगा आँखा अस्पतालको अग्रसरतामा निर्मित चौथो अस्पतालको रुपमा निजगढको आँखा अस्पताल रहनेछ। काठमाडौंस्थित तिलगंगा आँखा अस्पतालपछि हेटौँडामा २०६५ साल मंसिर ५ गते हेटौँडा सामुदायिक आँखा अस्पताल सञ्चालनमा आएको थियो । गत वर्ष मात्रै भक्तपुरमा पनि आँखा अस्पताल सञ्चालनमा आएको थियो ।

अस्पतालको भवन र आवश्यक उपकरण खरिद तथा जडानसमेत गरी कुल १९ करोड रुपैयाँ खर्च भएको हेटौँडा सामुदायिक आँखा अस्पतालका प्रबन्धक सुधीर श्रेष्ठले जानकारी दिनुभयो। हेटौँडा सामुदायिक आँखा अस्पतालकै ढाँचामा निजगढमा आँखा अस्पताल स्थापना गरिएको उहाँले बताउनुभयो । मधेश प्रदेशमा आँखाका रोगीको संख्या उल्लेख्य रहेकोले निजगढलाई उपयुक्त स्थान मानेर अस्पताल निर्माण गरिएको बताइएको छ ।

अष्ट्रेलियाको फ्रेड होलोज फाउण्डेशनको सहयोगमा निजगढमा आँखा अस्पताल स्थापना भएको हो । निजगढ आँखा अस्पतालमा वरिष्ठ नेत्र स्वास्थ्य विशेषज्ञको नेतृत्वमा आकस्मिक, बहिरंग सेवाका साथै शल्यक्रिया सेवा समेत प्रदान गरिनेछ । यस्तै चश्मा र औषधी विक्री गरिने छ । अस्पतालको औपचारिक उद्घाटन नभए पनि सेवा प्रदान गर्न सुरु गरिसकेको छ । सोमबार सम्ममा ४ हजार ५ सय जनाले बहिरंग सेवा लिएका र ३ सय २४ जनाले आँखाको शल्यक्रिया गराएका छन् । आँखा परीक्षणपछि शल्यक्रिया गर्नुपर्ने एक सय विरामीको शल्यक्रिया गर्न बाँकी रहेको बताइएको छ ।

# शिक्षकका लागि शैक्षिक सामग्री निर्माणसम्बन्धी कार्यशाला

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिकाका ३५ विद्यालयमा कार्यरत पूर्वप्राथमिक र प्राथमिक तहका शिक्षकका लागि शैक्षिक सामग्री निर्माण र तिनको प्रयोगसम्बन्धी ३ दिवसीय कार्यशाला सम्पन्न भएको छ । शनिबारदेखि सुरु भएको कार्यशालामा सहभागी शिक्षकले निर्माण गरेका शैक्षिक सामग्रीको प्रदर्शनीसहित सोमबार कार्यशालाको समापन गरिएको छ ।

इस्थर बेन्जामिन स्मृति संस्थाको आयोजनामा कार्यशाला भएको हो। हेटौँडा-५ स्थित रिगल हेटौँडा रिसोर्टमा आयोजना गरिएको कार्यशालाको समापनमा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, शिक्षा शाखाका प्रमुख आइतराम तामाङ, इस्थर बेन्जामिन स्मृति संस्थाका कार्यकारी निर्देशक आत्मराम थापाको उपस्थिति रहेको थियो । कार्यशालालाई पवन कुमार अधिकारीले सहजीकरण गर्नुभएको थियो ।

'उत्कृष्ट कक्षाकोठा, उत्कृष्ट सिकाई' भन्ने मर्मलाई आत्मसात गरी कार्यशालाको आयोजना गरिएको हो । निशूल्क तथा न्यूनतम् शूल्कमै उपलब्ध हुन सक्ने स्थानीय स्रोतको प्रयोग गरेर शैक्षिक सामग्री तयार पारेर क्रियाकलापमा आधारित भई प्रभावकारी सिकाई सम्भव हुने बुझाउन र शिक्षकलाई सोहीअनुरुप तयारी गर्न सक्षम तुल्याउने गरी कार्यशालाको आयोजना गरिएको सहजकर्ता अधिकारीले बताउनुभयो। खेल्दै सिक्ने वातावरण बनाउन शिक्षकलाई सक्षम बनाउने प्रयास भएको उहाँले बताउनुभयो ।


कार्यशालामा निर्माण गरिएको सामग्री प्रदर्शन गर्दै शिक्षकहरु ।

यता कार्यशालामा सहभागी शिक्षकले भने कार्यशालामा सिकेका आधारमा प्रभावकारी सिकाईका लागि उपयुक्त देखिए पनि कार्यशालामा सिकेका कुरालाई कक्षाकोठामा अभ्यासमा ल्याउन अझै कठिन रहेको औंल्याएका छन् । निशूल्क तथा न्यूनतम् शूल्कमा स्थानीय स्रोतको प्रयोग गरेर शैक्षिक सामग्री बनाउने भनिए पनि विद्यालयसँग न्यूनतम् बजेट समेत नहुनु, सीमित संख्यामा शिक्षक हुनु, शैक्षिक सामग्री निर्माण र त्यसको प्रभावकारी प्रयोगका लागि विद्यालयमा वातावरण निर्माण गर्न कठिन भएको एक सहभागीले बताए। कार्यशालामा सहभागी अधिकांश शिक्षकका लागि यस किसिमको अभ्यासमा सहभागी भएको पहिलो अनुभव रहेको प्रतिक्रिया दिएका छन् ।

# दुर्घटनामा ५ जनाको मृत्यु

बागलुङः बागलुङ जिल्लाको जैमिनी-७, हर्देवामा पिकअप भ्यान दुर्घटना हुँदा ५ जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी निरीक्षक केशव थापाका अनुसार मृत्यु हुनेमा जीपका चालक बागलुङ जैमिनी-८ छिस्ती केवइका ३८ वर्षीय महेन्द्र पुन, सोही ठाउँका २० वर्षीया रश्मी श्रीष, ५० वर्षीया नन्दकली पुन, १७ वर्षीय निरज श्रीष र ७५ वर्षीय कुलप्रसाद श्रीष रहेका छन् ।

जैमिनी नगरपालिका-८ छिस्तीबाट सदरमुकाम बागलुङ बजार जाँदै गरेको ग २ च ९२४७ नम्बरको पिकअप भ्यान सोमबार बिहान दुर्घटना भएको थियो । भ्यानमा सवार ६ जनामध्ये एक जना घाइते छन् । ४५ वर्षीय गङ्गाबहादुर श्रीष घाइते भएको र उनलाई उद्दार गरेर उपचारका लागि धौलागिरी अस्पताल लगिएको प्रहरीले जनाएको छ । उनको शरीरका विभिन्न भागमा चोट लागेको छ। भ्यान सडकबाट करिब ४ सय मिटर तल खसेको छ। *स्रोतः अनलाइनखबर ।*

# बागमतीका २ विद्यालयमा अनुगमन

समाज संवाददाता

हेटौँडाः शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले बागमती गाउँपालिकाको २ वटा माध्यमिक विद्यालयको अनुगमन गरेको छ। सोमबार बागमती गाउँपालिका-१ स्थित सूर्योदय माध्यमिक विद्यालय र २ नम्बर वडास्थित बागमती माध्यमिक विद्यालयको अनुगमन गरिएको इकाई प्रमुख सुदीप गिरीले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालयको निर्माणाधिन भवनको अनुगमन गरिएको हो ।

विद्यालयको शैक्षिक सत्र २०८० को समग्र कक्षा १० र ८ को नतिजा बारे प्रधानाध्यापक, शिक्षक कर्मचारी र व्यवस्थापन समितिसहित अन्तरक्रिया समेत गरेको प्रमुख गिरीले बताउनुभयो । विद्यालयको शैक्षिक सुधारको विषयमा अभिभावकसँग छलफल गरिएको प्रमुख गिरीले बताउनुभयो। विद्यार्थीको नियमित उपस्थिति र नतिजा सुधारको विषयमा अभिभावकको गुनासो रहेको उहाँले बताउनुभयो ।

बागमती माध्यमिक विद्यालयमा नतिजाको सन्दर्भमा प्रधानाध्यापक र अभिभावकसँग अन्तरक्रिया गरिएको उहाँले बताउनुभयो । कक्षा ९ को गणित विषय कक्षा अवलोकन गरी शिक्षकको राम्रो पक्ष र सुधार गर्नुपर्ने पक्ष बारे पृष्ठपोषण गरिएको गिरीको भनाई छ । विद्यालयको अनुगमन अघि अनुगमन टोलीले गाउँपालिकाको अध्यक्ष र प्रशासकीय अधिकृतसँग शैक्षिक सुधारका लागि गर्नुपर्ने कार्य बारे छलफल गरिएको प्रमुख गिरीले जानकारी दिनुभयो । नवआगन्तुक इकाई प्रमुख गिरीले बुधबार मकवानपुरको संस्थागत र सामुदायिक दुबै विद्यालयको प्रधानाध्यापक भेला रहेको जानकारी दिनुभएको छ ।

# कुटपीटबाट घलान घाइते


समाज संवाददाता

हेटौँडाः सिन्धुलीको घ्याङलेख गाउँपालिका-४, भैंसेमा ३५ वर्षीय टिका बिक्रम बलको कुटपीटबाट एक जनालाई घाइते भएका छन् । घाइते हुनेमा ४७ वर्षीय धन सिंह घलान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बलले कुटपीट गरी घलानलाई घाईते बनाएका थिए । घाइते घलानको पेटमा भित्री चोट रहेकोले उपचारका लागि धुलिखेल अस्पताल लगिएको छ । घटनाबारे अनुसन्धान भइरहेको र बललाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



सम्पादक


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## आर्थिक विकास महाशाखा(पशुपन्छी विकास शाखा)
हेटौंडा, मकवानपुर

## अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१।०७।२७ गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गर्न उपमहानगरपालिकको क्षेत्र भित्रका ईच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति:२०८१।०८।११ गते)सम्ममा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपशिल**

| क.सं. | कार्यक्रमको नाम | बजेट | लागत साझेदारी प्रतिशत | साझेदार संस्था/आवेदक | कैफियत |
|---|---|---|---|---|---|
| १ | गरिब विपन्न, दलित तथा एकल महिला पशुपालन कार्यक्रम | ७,५०,०००/- | ३० प्रतिशत | दलित तथा एकल महिला | |
| २ | यूवा लक्षित पशुपालन कार्यक्रम | ५,००,०००/- | ३० प्रतिशत | इच्छुक दर्ता भएको व्यावसायिक फर्म | |
| ३ | वंगुर प्रवर्द्धन कार्यक्रम | ५,००,०००/- | ३० प्रतिशत | इच्छुक कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी | |

**आवश्यक कागजातहरुः**

**▶गरिब विपन्न तथा एकल महिला पशुपालन कार्यक्रमको हकमा**

१) निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२) ''एकल महिला'' भन्नाले आर्थिक रुपमा विपन्न देहायका महिला सम्झनु पर्छ :-
क) सम्बन्धविच्छेद गरेकी महिला,
ख) विधुवा,
ग) पैतिस वर्ष उमेर पुरा गरेकी अविवाहित महिला,
घ) पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा वेपत्ता भएकी महिला,
ङ) अंशवण्डा गरि वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला ।
३) कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
४) सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
५) सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।
६) प्रस्ताव अनुसारको लागत अनुमान ।

**▶यूवा लक्षित पशुपालन कार्यक्रम**

१) निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२) बैदेशिक रोजगारबाट फर्किएका व्यवसायी यूवाहरु ।
३) कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
४) सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
५) सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।
६) प्रस्ताव अनुसारको लागत अनुमान ।

**▶वंगुर प्रवर्द्धन कार्यक्रम**

१) निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२) इच्छुक कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी ।
३) कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
४) कृषि सहकारीको हकमा, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिप, स्थायी लेखा (PAN)को प्रतिलिपि, करचुक्ताको प्रतिलिपि र सहकारीको निर्णय प्रतिलिपि ।
५) सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
६) सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र ।
७) प्रस्ताव अनुसारको लागत अनुमान ।

**नोट**: विगत ३ वर्षदेखि संघ, प्रदेश र स्थानीय सरकारबाट सम्बन्धित शिर्षकमा अनुदान नलिएको हुनुपर्नेछ र लाभग्राही कृषकले कुनै एउटा अनुदान कार्यक्रममा मात्र आवेदन दिन मिल्नेछ । निवेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा तथा पायक पर्ने पशु सेवा केन्द्रमा सम्पर्क गर्नु होला ।

**हेटौंडा उपमहानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा, पशु सेवा केन्द्र, वडा कार्यलय, हेटौंडा**
**सम्पर्क मो. ०५७-५९०१०२, ९८४५५३८२३२**

# मेयर कप क्रिकेटको उपाधि मकवानपुरको पोल्टामा



उपाधिसहित मकवानपुर जिल्लाको क्रिकेट टिम ।

समाज संवाददाता

हेटौंडाः रौतहट जिल्लाको कटहरिया नगरपालिकामा भएको मेयरकप टी-२० क्रिकेट प्रतियोगिताको उपाधि मकवानपुर जिल्लाको क्रिकेट टिमले जितेको छ । आइतबार कटहरिया नगरपालिकामा भएको फाइनल खेलमा आयोजक कटहरिया नगर पालिकाको टिमलाई ५ विकेटले हराउँदै मकवानपुरले उपाधि जितेको हो ।

टस जितेर पहिले व्याटिङ गरेको आयोजकले १७ ओभरमा ८६ रन बनाउँदै अल आउट हुन पुगेको थियो । आयोजकका रोहित सोनालले २० रनको योगदान दिँदा नितेश कुमारले ८ रन मात्र जोड्न सफल भएका थिए । मकवानपुरका रोहित ठाकुर र समीर चौलागाईंले समान ३/३ विकेट लिए । यस्तै पियुष शर्माले २ विकेट लिए ।

आयोजकले दिएको ८७ रनको लक्ष्य पछ्याएको मकवानपुरले १३ ओभर ४ बलमा ५ विकेटको क्षतिमा भेट्टायो । मकवानपुरका विशाल फुँयालले २५ रन, तक्षक सिम्खडाले १७ रन र इरफान अलीले १५ रनको योग्दान दिए । आयोजकका भोला मल्लले २ विकेट लिए भने रोहित सोनालले १ विकेट लिए । प्रतियोगिताको सर्वोकृष्ट व्याट्सम्यान मकवानपुरका शुभ कंसाकार र उत्कृष्ट बलर मकवानपुरकै असीम श्रेष्ठ घोषित हुँदै ट्रफी र जनही २ हजार ५ सय रुपैयाँ प्राप्त गरेका छन् ।

प्रतियोगिताको उपाधि विजेता मकवानपुरको टिमले ५५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता आयोजकको टिमले ३५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । कात्तिक १६ गतेबाट सुरु भएको मेयरकप क्रिकेट प्रतियोगितामा मकवानपुर जिल्लासहित ८ वटा टिमको सहभागिता रहेको थियो । यसअघि पनि मकवानपुर विभिन्न जिल्लाको प्रतियोगिताहरुमा सहभागी हुँदै जित निकालेको टिम कप्तान सुमन सुनार बताउनुहुन्छ ।

## मनहरी कप फुटबल प्रतियोगिता

# जेसीआई मकवानपुरगढीको सहज जीत

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी चैनपूर जेसीज खुला फुटबल प्रतियोगिता अन्तर्गत सोमबारको पहिलो खेलमा मकवानपुरगढी गाउँपालिकाको जेसीआई मकवानपुरगढीले सहज जीत दर्ता गरेको छ । मनहरी गाउँपालिकास्थित गोलघर खेलमैदानमा भएको पहिलो खेलमा हेटौंडा उपमहानगरपालिकाको कमाने फुटबल एकेडेमीलाई ३-० को गोलअन्तरले हराउँदै जेसीआई मकवानपुरगढीले सहज जीत दर्ता गरेको हो ।

मकवानपुरगढीको जीतमा मिलन स्याङ्तानले २ गोल गरे भने मनिष पौडेलले १ गोल गरे । म्यान अफ द म्याच मकवानपुर गढीका मिलन स्याङ्तान घोषित भएका छन् । यस्तै, सोमबार नै भएको दोस्रो खेलमा मनहरी ५ ले जीत निकालेको छ । हेटौंडाको नारायणी कलेजलाई टाइब्रेकरमा ५-४ गोलले हराउँदै मनहरी-२ ले रोमाञ्चक जीत निकालेको हो । म्यान अफ द म्याच नारायणी कलेजका सन्तोष गोङ्बा घोषित भए । प्रतियोगितामा १६ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल मंसीर ३ गते हुनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख ११ हजार रुपैयाँ १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५१ हजार १ सय ५१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । मनहरी गाउँपालिकाकोको सहयोगमा तथा ४ नम्बर वडा कार्यालयको मुख्य प्रायोजनमा प्रतियोगिता सञ्चालन भइरहेको छ । प्रतियोगिता अन्तर्गत मंगलबार पहिलो चरणको अन्तिम दुई खेल हुँदैछ । पहिलो खेलमा पदमपोखरी युनाईटेड र आरआर वाइसी बीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा मनहरी-५ र ऋषेश्वरी युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ । गत वर्ष भएको पहिलो संस्करणको प्रतियोगिताको उपाधि प्रदेश प्रहरी गणले जितेको थियो ।

# आज हरिबोधिनी एकादशी



हरिबोधनी एकादशीका लागि सिंगारिएको मकवानपुरगढी ।

समाज संवाददाता

हेटौंडाः आज मंगलबार हरिबोधिनी एकादशी पर्व मनाइँदै छ । हरिबोधिनी एकादशीलाई एकादशीहरूमा सबैभन्दा ठूलो एकादशीको रूपमा लिइन्छ । जनविश्वास तथा धार्मिक परम्पराअनुसार आजको दिन भगवान् विष्णु उठ्नुहुन्छ भन्ने छ । हरिशयनी एकादशीबाट चीर निद्रामा सुत्नुभएका विष्णु भगवान् आज उठ्ने विश्वास भएकाले पनि आजको एकादशीलाई विशेष मानिन्छ ।

आजको दिन तुलसीको विवाहको दिन भनेर पनि चिनिन्छ । वैदिक सनातन हिन्दु धर्मशास्त्रमा आयुर्वेदमा पनि महत्वपूर्ण भूमिका भएको तुलसीको बिरुवाको धार्मिक, साँस्कृतिक र वैज्ञानिक रूपमा पनि निकै महत्व रहेको छ । हरिशयनी एकादशी अर्थात् तुलसी रोप्ने एकादशीमा रोपिएको तुलसीको बिरुवा आजको दिनसम्म निकै हुर्किएको हुन्छ । आषाढ शुक्ल एकादशीमा रोपिएको तुलसीको बिरुवालाई आजको दिन पिपलसँग विवाह गरिदिने प्रचलन पनि रहेको छ । यसका लागि तुलसीको मठको चारैतर्फ बाँसको लिङ्गो गाड्ने अनि रंगरोगन गरेर शृङ्गार गर्ने चलन रहेको छ । आजको दिन हिन्दु धर्मालम्बीहरुले रुद्री पूजा गर्ने चलन पनि रहेको छ ।

आजको दिन नेपालभरका विभिन्न भगवान् विष्णुका मन्दिर तथा तीर्थस्थलमा तीर्थाटन गर्ने भक्तजनहरूको व्यापक भीड लाग्ने गर्छ । यस्तै हेटौंडाको आसपासमा रहेका धार्मिकस्थल मकवानपुरगढी, त्रिखण्डी, कुश्माण्डव सरोवरमा मेला लाग्छ ।

# ५ जना फरार प्रतिवादी पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले सोमबार विभिन्न मुद्दाका ५ जना फरार प्रतिवादी पक्राउ गरेको छ । मकवानपुर जिल्ला अदालतले विभिन्न मितिमा फैसला कार्यान्वयन अन्तर्गत कैद तथा जरिवाना सजाय तोकिएर फरार प्रतिवादीहरुलाई पक्राउ गरी आवश्यक कार्वाहीका लागि जिल्ला अदालत पेश गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डिएसपी श्यामु अर्यालले जानकारी दिनुभयो ।

पक्राउ पर्नेहरुमा १ जना बाल यौन दूर्व्यवहार मुद्दाका दोषी छन् भने २ जना लागुऔषध र २ जना चेक अनादरसम्बन्धी मुद्दाका प्रतिवादी छन् । प्रहरीले बाल यौन दुर्व्यवहार मुद्दाका हेटौंडा-१९ का ५१ वर्षीय विष्णुप्रसाद लामिछानेलाई पक्राउ गरेको हो । लामिछानेलाई अदालतबाट ३ हजार रुपैयाँ जरिवानाको फैसला गरेको थियो ।

यस्तै लागुऔषध (डाईजेपाम) मुद्दाका हेटौंडा-१२ बस्ने २१ वर्षीय सजन विश्वकर्मा र हेटौंडा-११ का ३६ वर्षीय सुरेश महर्जनलाई पक्राउ गरेको छ । विश्वकर्मालाई १२ दिन कैद र महर्जनलाई २ लाख रुपैयाँ जरिवाना तोकिएको थियो ।

यसैगरी प्रहरीले चेक अनादर गरेको कसुरमा सजाय तोकिएका हेटौंडा-१२ की ४१ वर्षीया कल्पना आले मगर र हेटौंडा-१० का ५४ वर्षीय हिराकाजी श्रेष्ठलाई पक्राउ गरेको छ । मगर र श्रेष्ठलाई १/१ हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

# र्‍याफ्टिङ गर्ने क्रममा अमेरिकी नागरिक घाइते

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९ घुमाउनेमा र्‍याफ्टिङ गर्ने क्रममा एक अमेरिकी नागरिक घाइते भएकी छन् । घाइते हुनेमा ७४ वर्षीया सरीकला बतेज रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

आइतबार एपी होलिडे र्‍याफ्टिङ टोलीले तनहुँ जिल्लाको दमौली सेति-मादी नदीदेखि त्रिशुली नदीमा र्‍याफ्टिङ गर्ने क्रममा अनियन्त्रित भई सरीकला घाइते भएकी थिइन् । घाइते सरीकलाको बायाँ खुट्टामा चोट लागेर भरतपुरस्थित चितवन मेडिकल कलेजमा उपचार पश्चात डिस्चार्ज गरिएको प्रहरीले जानकारी दिएको छ ।

# २५ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः चैनपुर जेसीज मनहरीको जेसीज सप्ताह २०२४ को अवसरमा सोमबार रक्तदान कार्यक्रम भएको छ । रक्तदान कार्यक्रममा २५ जनाले रक्तदान गरेका छन् । मकवानपुरको मनहरी बजारमा भएको कार्यक्रममा २ जना महिला र २३ जना पुरुषले रक्तदान गरेको रक्तसंचार केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

रक्तदान कार्यक्रममा रक्तसंचार केन्द्र हेटौँडाको प्राविधिक सहयोग रहेको थियो । हाल केन्द्रमा रगतको अभाव नरहेको प्राविधिक सापकोटाले जानकारी दिनुभयो । यस्तै बिहिबार शिखर इन्स्योरेन्सको आयोजनामा रक्तदान कार्यक्रम हुनेछ ।


## शिक्षक आवश्यकता

प्रस्तुत विषयमा मकवानपुरगढी गाउँपालिका मकवानपुरको मिति २०८१।०६।०६ प.सं. २०८१।०८२ च.नं. ५०६ को शिक्षक दरबन्दी थप तथा शिक्षक व्यवस्थापन अनुमति पत्रानुसार तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०७।२५ गतेको बैठकको निर्णय अनुसार यस विद्यालयमा निम्नानुसारको शिक्षक आवश्यकता रहेको हुँदा इच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल अनुसारको सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं. : ०१/२०८१/०८२**

विषय : विज्ञान

तह : मावि (तृतीय श्रेणी)

संख्या: १ (एक) जना ।

दरबन्दी : संघीय अनुदान

शैक्षिक योग्यताः मुख्य विषय विज्ञान लिई स्नातक वा सोसरह उत्तीर्ण ।

उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

सेवा/सुविधाः नेपाल सरकारको नियमानुसार ।

दरखास्त दस्तुरः १,५००/-

दरखास्त दस्तुर नबिल बैंक लिमिटेडको हेटौँडास्थित शाखामा रहेको यस विद्यालयको खाता नम्बर २२१०१०१७५००२८८ मा जम्मा गर्नुपर्नेछ ।

दरखास्त दिने अन्तिम मितिः २०८१/०८/११ गते

सम्पर्क मितिः २०८१/०८/१३ गते

परीक्षा मितिः सम्पर्क मितिमा जानकारी गराइनेछ ।

परीक्षाको किसिमः लिखित, मौखिक, आवश्यकताअनुसार कक्षा अवलोकन ।

**आवश्यक कागजातहरूः**

शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।

नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।

शिक्षण अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ प्रति ।

शिक्षण अनुभव तथा तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि २ प्रति

हस्तलिखित निवेदन १ प्रति ।

परीक्षा दस्तुर बैंक दाखिला गरेको भौचरको सक्कल १ प्रति ।

**नोटः**- शिक्षक सेवा आयोगद्वारा प्रकाशित करार सूचिमा समावेश उम्मेदवारले विज्ञापन प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवेदन दिनुपर्नेछ ।

सम्पर्कः ९८५५०१६३७४ (प्रअ), ९८६०४७५६७५ (वि.व्य.स. अध्यक्ष)

**श्री जालपादेवी माध्यमिक विद्यालय**

**मकवानपुरगढी-६, डुम्रेकुना**



भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो, आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।

## हार्दिक श्रद्धाञ्जली



जन्मः २०६०/०७/३०

स्वर्गारोहणः २०८१/०७/२१

**स्व. प्रभास घिमिरे**

मकवानपुरे प्रतिभाशाली नवसर्जक प्रभास घिमिरेको सडक दुर्घटनामा परी अल्पायुमै निधन भएको खबरले हामी स्तब्ध छौँ । दुःखको यस घडीमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

सर्जक सञ्जाल मकवानपुर हेटौंडा, मकवानपुर

मकवानपुरका कला, साहित्य, सङ्गीतसम्बद्ध
सम्पूर्ण संस्थाको तर्फबाट
**सर्जक सञ्जाल मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ